# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः १६, चैत्र २२ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली (प्रथम संशोधन), २०८१

कार्यपालिकाबाट पारित मिति : २०८१।१२।२२

व्यास नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको नगर कार्यपालिकाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| १. | | नियमावलीको नियम ३ को उपनियम ४ (घ) पछि घ१ थप "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा आय ठेक्का लगाउनु पर्ने भएमा वा तत्काल आय ठेक्का नगर्दा कार्यालय वा सर्वसाधारणलाई थप हानि नोक्सानी हुने अवस्था आई परेमा ७ (सात) दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न सकिनेछ" । |

आज्ञाले

काशीराम गैरे

प्रमुख प्रशासकीय अधिकृत